ओम डेभलपमेन्ट बैंक लि.
OM DEVELOPMENT BANK LTD.
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तर)

Head Office:
P. O. Box 372 Pokhara - 4, Chipledhunga
Tel: 061-521505, 521912, 526261
Fax - 061-533038
E-mail : info@ombank.com.np
www.ombank.com.np

चलानी नं : ओम.एडिएम/०७५-०७६/७०५
मिति : २०७६/०२/१०

नेपाल स्टक एक्सचेन्ज लि.
दर्ता नं.: ३९८८
मिति: २१९२

**श्री नेपाल राष्ट्र बैंक**
**विकास बैंक सुपरीवेक्षण विभाग**
**बालुवाटार, काठमाण्डौं ।**

**बिषय : साधारण सभाको स्वीकृती सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस बैंकले आर्थिक बर्ष २०७४/७५ को मुनाफाबाट शेयरधनीहरुलाई १२.७० प्रतिशत बोनश शेयर प्रदान गर्ने भनि मिति २०७५ पौष २७ गते बसेको सञ्चालक समितिको १५९ औं बैठकबाट निर्णय गरी सोको स्वीकृतीको लागि त्यस बैंकमा निवेदन पेश गरेकोमा यस बैंकले प्राईम कमर्शियल बैंकसंग एक्विजिशनमा जानको लागि सैद्धान्तिक सहमति गरेकोले त्यस बैंकबाट उक्त प्रस्तावित बोनश शेयर हालसम्म स्वीकृती नभईसकेको र यस बैंकले मिति २०७६/०२/०२ मा एनएमबि बैंक लिमिटेडसंग मर्जरमा जानको लागि सैद्धान्तिक सहमतिपत्र (MOU) मा हस्ताक्षर गरी त्यस बैंकमा मर्जरको लागि सैद्धान्तिक सहमति पांउ भनि संयुक्त निवेदन समेत पेश गरिसकेको र दुई संस्था बिच भएको सैद्धान्तिक सहमति (MOU) को बुंदा नं. २७ अनुसार मर्जर पश्चात एकिकृत साधारणसभा सम्पन्न गरी कायम दुबै संस्थाका शेयरधनीहरुलाई आर्थिक बर्ष २०७५/७६ को नाफाबाट नगद लाभांश/बोनश शेयर बितरण गर्ने सहमति भएको अवस्थामा प्रस्तावित १२.७० प्रतिशत बोनश शैयर बितरण गर्दा सैद्धान्तिक सहमति (MOU) को बुंदा नं. २५ मा उल्लेख गरिए बमोजिम शेयर स्वाप रेसियोमा समेत असर गर्ने भएकोले बैंकको २०७६ जेष्ठ १० गते शुक्रबार बसेको संचालक समितिको १६५ औं बैठकले प्रस्ताव गरिएको १२.७० प्रतिशत बोनश शेयर बितरण नगर्ने सर्वसम्मतिले निर्णय भएकोले बोनश शेयर बितरण नगर्ने गरी साधारण सभा बोलाउन स्वीकृती प्रदान गरिदिनुहुन अनुरोध गर्दछु ।

संलग्न - संचालक समितिको १६५ औं बैठकको माईन्यूट उतार ।

भवदीय,

.......................

**बिश्व मोहन अधिकारी**
**प्रमुख कार्यकारी अधिकृत**

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग
बालुवाटार, काठमाण्डौं ।

२. श्री नेपाल धितोपत्र विनिमय बजार लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

३. श्री नेपाल धितोपत्र बोर्ड
जावलाखेल, ललितपुर, नेपाल ।

४. नेपाल सिडिएस एण्ड क्लियरिङ्ग हाउस लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

ओम डेभलपमेन्ट बैंक लि.
OM DEVELOPMENT BANK LTD.
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तर)

Head Office:
P. O. Box 372 Pokhara - 4, Chipledhunga
Tel: 061-521505, 521912, 526261
Fax - 061-533038
E-mail : info@ombank.com.np
www.ombank.com.np

बैठक नं. १६५

आज मिति २०७६ साल जेष्ठ १० गते शुक्रबारको दिन दिनको ४ ०० बजे बैंकको केन्द्रिय कार्यालय, चिप्लेढुंगा, पोखरामा बैंकको सञ्चालक समितिका अध्यक्ष सुशील कुमार गोशलीज्यूको अध्यक्षतामा निम्न सञ्चालकहरुको उपस्थितिमा बसेको सञ्चालक समितिको १६५ औं बैठकमा निम्न प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

**सञ्चालकहरुको उपस्थिती**

| | | |
|---|---|---|
| १. | अध्यक्ष | श्री सुशील कुमार गोशली |
| २. | सञ्चालक | श्री राजेन्द्र कुमार बाटाजु |
| ३. | सञ्चालक | श्री बिजय मल्ल |
| ४. | सञ्चालक | श्री योगेन्द्र लाल प्रधान |
| ५. | सञ्चालक | श्री श्रीकृष्ण रेग्मी |
| ६. | सञ्चालक | श्री कर्म कुमारी गुरुङ्ग |
| ७. | सञ्चालक | प्रा.डा. यादव प्रसाद शर्मा गौंडेल ( व्यवसायिक बिशेषज्ञ ) |

**उपस्थिती**

| | | |
|---|---|---|
| १. | प्रमुख कार्यकारी अधिकृत | श्री बिश्व मोहन अधिकारी |
| २. | कम्पनी सचिब | श्री बुद्धि कुमार मल्ल |

**निर्णयहरु :**

**२.मर्जर सम्बन्धमा ।**

ख. यस बैंकले आर्थिक बर्ष २०७४/७५ को मुनाफाबाट शेयरधनीहरुलाई १२.७० प्रतिशत बोनश शेयर प्रदान गर्ने भनि मिति २०७५ पौष २७ गते बसेको सञ्चालक समितिको १५९ औं बैठकबाट निर्णय गरी सोको स्वीकृतीको लागि नेपाल राष्ट्र बैंकमा निवेदन पेश गरेकोमा यस बैंकले तत्कालिक बेलामा प्राईम कमर्शियल बैंकसंग एक्विजिशनमा जानको लागि सैद्धान्तिक सहमति गरेको कारणले त्यस बैंकबाट उक्त प्रस्तावित बोनश शेयर हालसम्म स्वीकृती नभईसकेको र हाल यस बैंकले मिति २०७६/०२/०२ मा एनएमबि बैंक लिमिटेडसंग मर्जरमा जानको लागि सैद्धान्तिक सहमतिपत्र (MOU) मा हस्ताक्षर गरी नेपाल राष्ट्र बैंकमा मर्जरको लागि सैद्धान्तिक सहमति पांउ भनि संयुक्त निवेदन समेत पेश गरिसकेको र दुई संस्था बिच भएको सैद्धान्तिक सहमति (MOU) को बुंदा नं. २७ अनुसार मर्जर पश्चात एकिकृत साधारणसभा सम्पन्न गरी कायम दुबै संस्थाका शेयरधनीहरुलाई आर्थिक बर्ष २०७५/७६ को नाफाबाट समेत नगद लाभांश/बोनश शेयर बितरण गर्ने सहमति भएको अवस्थामा प्रस्तावित १२.७० प्रतिशत बोनश शेयर बितरण गर्दा सैद्धान्तिक सहमति (MOU) को बुंदा नं. २५ मा उल्लेख गरिए बमोजिम शेयर स्वाप रेसियोमा समेत असर गर्ने भएकोले प्रस्ताव गरिएको १२.७० प्रतिशत बोनश शेयर बितरण नगर्ने र सोहि अनुसार नेपाल राष्ट्र बैंकलाई साधारण सभा बोलाउन स्वीकृती प्रदान गरिदिनुहुनको लागि अनुरोध गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय प्रतिलिपी उतार गर्ने,

..................

बुद्धि कुमार मल्ल
कम्पनी सचिब
मिति २०७६/०२/१०

ओम डेभलपमेन्ट बैंक लि.
OM DEVELOPMENT BANK LTD.